४. नगरपालिकामा सेवाग्राही मैत्री व्यवहार र वातावरण निर्माण गर्ने नितिलाई प्रभावकारी बनाईनेछ।

५. संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले उपलब्ध गराएको दरवन्दी लाई कायम गरिनेछ।

६. पदपुर्ति समिति गठन गरि स्वीकृत दरबन्दी अनुसार कर्मचारी नियुक्ति गरिनेछ।

**ग. शिक्षा सम्बन्धी :**

नगर क्षेत्रका सामुदायिक विधालय निरीक्षण गरी आवश्यक पूर्वाधार र फर्निचरको लागि बजेट विनियोजन गरिनेछ।

- विद्यालय अनुगमन लाई प्रभावकारी वनाउन आवश्यक पहल गुणस्तर वढाउने नीति लिईनेछ।
- जिल्ला स्वास्थय कार्यालय सँग समन्वय गरी सहरी स्वास्थ्य क्लिनिक संचालनको लागि आवश्यक पूर्वधार विकासको लागि बजेट विनियोजन गरिनेछ।

**अन्य नितिहरु:**

१. प्रत्येक वार्डमा माटो ग्राभेल कार्यलाई निरुकसाहित गरी ठोस कार्यको रुपमा पि.सि.सि. गर्ने नीति निर्णय लिइनेछ।

२. महिला हिंसा उधार कोषको लागि बजेट विनियोजन गरिनेछ।

३. घर नक्सा पास, पारित र दर्ताको अभियान कडारुका साथ लागु गर्ने नीति लिईनेछ।

४. व्यवसाय कर परिमार्जन गरी सवैलाई कर दायरा भित्र ल्याउने नीति अवलम्वन गरिनेछ।

५. बस पार्कको सम्भावयता अध्ययन गरी निर्माण कार्य अगाडी वढाउन बजेट विनियोजन गरिनेछ।

६. ल्यानडफिलड साइटको सम्भावयता अध्ययन गरि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ।

७. एकीकृत सम्पति कर लागु गरिनेछ।

८. बालमैत्री स्थानिय शासन अम्लम्बन गरिनेछ।

९. बालश्रम न्युनिकरण गर्ने निति अबलम्बन गरिनेछ।

१०. लक्षित वर्गको उत्थान र विकासका लागी थप कार्यक्रमहरु संचालन गरिनेछ।

११. यूवाहरुका रोजगारी तथा सीपमुलक तालिम दिईने नीति लिईनेछ।

१२. खेलकुद विकासका लागि बजेट विनियोजन गरिनेछ।

१३. धर्म संस्कृति परम्परा संरक्षण र निरन्तरताको लागि दुहबी सुबी माइ पोखरीमा शान्ति स्मृति पार्कको लागि बजेट विनियोजन गरिएको छ।

१४. सडक वत्ति व्यवस्थापन कार्यक्रमलाई प्रभावकारीताका साथ निरन्तरता दिईनेछ।

१५. नगरपालिकाको मापदण्ड अनुसार नगरका सडकहरुलाई फराकिलो गरिनेछ।

१६. जनसहभागीताका आधारित विकास कार्यक्रमलाई प्राथमिकता दिन नीति लिइनेछ।